**6th of dec 2024**

**आकाशवाणी**

**मुख्य समाचार**

- **प्रधानमन्त्रीद्वारा अष्टलक्ष्मी महोत्सवको उद्घाटन: पूर्वोत्तर भारतको सांस्कृतिक धरोहर र आर्थिक सम्भावनाहरूको प्रदर्शन**
- **विभिन्न मुद्दामा हंगामा भएपछि संसदको दुवै सदनको बैठक दिनभरिका लागि स्थगित**
- **पूर्वोत्तर क्षेत्रको विकासप्रति सरकार प्रतिबद्ध रहेको गृह राज्यमन्त्रीको भनाइ**
- **आगरा-लखनऊ एक्सप्रेसवेमा सडक दुर्घटना; 8 जनाको मृत्यु सँगै 18 जना गम्भीर घाइते**

**राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले शिक्षा नै मानवको सर्वांगीण विकासको एक मात्र मार्ग भएको बताउनुभएको छ।उहाँले मयूरभंज जिल्लाको उपरबेड़ा सरकारी उच्च प्राथमिक विद्यालयमा आज यो कुरा व्यक्त गर्नुभएको हो। राष्ट्रपति श्रीमती मुर्मुले लगभग छ दशकअघि यही विद्यालयमा पढ्नुभएको थियो। राष्ट्रपति भएपछि पहिलो पटक उहाँ, आज आफ्नो जन्मथलो उपरबेड़ा पुग्नुभएको छ। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले भोलि बंगरि-पोसीमा तीनवटा रेलवे लाइनको उद्घाटन गर्नुहुने छ।यसका अतिरिक्त, आफ्नो भ्रमणको अन्तिम दिन भोलि उहाँ रायरंगपुर जनजातीय अनुसन्धान केन्द्र, दण्ड बोस विमानस्थलको विकास, र रायरंगपुर सुपर स्पेशालिटी अस्पतालको शिलान्यास पनि गर्नुहुनेछ।

**प्रधानमन्त्रीद्वारा अष्टलक्ष्मी महोत्सवको उद्घाटन: पूर्वोत्तर भारतको सांस्कृतिक धरोहर र आर्थिक सम्भावनाहरूको प्रदर्शन**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभयो,पूर्वोत्तर क्षेत्रसित देशको विकासलाई गति दिने अपार सम्भावना छ। उहाँले भन्नुभयो, एक्काइसौंशताब्दी पूर्व, एसिया र भारतको हो। श्री मोदीले जोड़ दिँदै भन्नुभयो, पूर्वोत्तरका अगर्तला, गुवाहाटी, गान्तोक, ऐज्वल,सिलङ, इटानगर र कोहिमा जस्ता धेरै शहरहरूसित अन्य ठूला शहरहरू जस्तै व्यापक सम्भावना छ। प्रधानमन्त्रीले आज नयाँ दिल्लीको भारत मण्डपममा अष्टलक्ष्मी महोत्सवको उद्घाटन गर्नुभएको छ। तीनदिने महोत्सवमा पूर्वोत्तर भारतको समृद्ध सांस्कृतिक झलक देख्न सकिनेछ। यस महोत्सवमा पूर्वोत्तर क्षेत्रको परम्परागत कला, हस्तकला, र सांस्कृतिक प्रथाहरूको प्रदर्शन गरिनेछ। यो कार्यक्रमले कपडा उद्योग, हस्तकला, पर्यटनका अवसरहरू, र पूर्वोत्तरका आठवटै राज्यका विशिष्ट उत्पादनहरू प्रदर्शन गर्नको लागि एक विशेष मंचको रूपमा काम गर्नेछ। कार्यक्रमको सबैभन्दा ठूलो आकर्षण ग्रामीण हाट बजार हुनेछ, जहाँ क्षेत्रका 320 किसान र कारीगरहरूले आफ्ना उत्पादन र कलाहरू प्रदर्शन गर्नेछन्। पूर्वोत्तर भारतका प्रसिद्ध मुगा र एरी सिल्कलाई समर्पित stall पनि राखिएको छ, जसमा हस्तकला कारीगरहरूले आफ्ना सीपहरू प्रदर्शन गर्नेछन्। 250 भन्दा बढी कारीगरहरूले 34 जीआई-ट्याग भएका वस्तुहरू सहित अद्वितीय हस्तकला, हस्तकरघा, र कृषि-उद्यान उत्पादनहरूको प्रदर्शन गर्नेछन्। यस महोत्सवमा कारीगरहरूको प्रदर्शनी, ग्रामीण हाट, राज्य विशेष stall , र पूर्वोत्तर क्षेत्रको विकासका लागि महत्त्वपूर्ण विषयमा प्राविधिक सत्रहरू आयोजना गरिनेछन्।

**विभिन्न मुद्दामा हंगामा भएपछि संसदको दुवै सदनको बैठक दिनभरिका लागि स्थगित**

विभिन्न मुद्दामा हंगामा भएपछि आज संसदका दुवै सदनको कार्यवाही दिनभरका लागि स्थगित गरियो। नकदी विवादको विषयमा सत्तारूढ पक्षका सांसदहरूको हंगामापछि राज्यसभाको कार्यवाही स्थगित गरियो। उता, विपक्षी नेता श्री राहुल गान्धी र अन्य कंग्रेस नेताहरूमाथि भाजपा सांसद श्री निशिकान्त दुबेले लगाएको आरोपमा विपक्षी सांसदहरूको विरोधबीच लोकसभाको कार्यवाही पनि स्थगित गरियो। राज्यसभामा दिउँसोको भोजन अवकाश-पश्चात् कार्यवाही सुरु भएपछि सत्तारूढ पक्षका सांसदहरूले कंग्रेस सांसद श्री अभिषेक मनु सिंघवीको आसनबाट नोटका बन्डल बरामद भएको विषयलाई लिएर विपक्षविरुद्ध नारा लगाउन थाले। हंगामा जारी रहँदा उपसभापति श्री हरिवंश नारायण सिंहले सांसदहरूलाई सदनको काम अघि बढाउन दिन आग्रह गर्नुभयो। तर, स्थिति सामान्य हुन नसकेपछि सदनको कार्यवाही दिनभरका लागि स्थगित गरियो। यसअघि, बिहान सभापति श्री जगदीप धनखडले राज्यसभाको नियमित जाँचका क्रममा श्री सिंघवीलाई छुट्याइएको आसनबाट नोटको बन्डल बरामद गरिएको जानकारी गराउनु भएको थियो। विपक्षी नेता श्री मल्लिकार्जुन खड्गेले यस अनुसन्धानमा आफूहरूले कुनै आपत्ति नराख्ने जनाउनुभयो। तर, उहाँले अनुसन्धान सम्पन्न नहुँदासम्म सांसदको नाम लिने काम उचित नभएको बताउनुभयो। अनुसन्धानपछि मात्र निष्कर्षमा पुग्न सकिने उहाँले स्पष्ट पार्नुभयो। संसदीय कार्यमन्त्री श्री किरेन रिजिजुले पनि गम्भीर अनुसन्धान हुनुपर्नेमा सहमति जनाउँदै यस विषयमा उठेका प्रश्नहरू उचीत रहेको बताउनुभयो। सदनका नेता तथा केन्द्रीय मन्त्री श्री जेपी नड्डाले यसलाई अभूतपूर्व घटना भन्दै यसको सबैले निन्दा गर्नुपर्ने बताउनुभयो। स्थिति शान्त नभएपछि कार्यवाही दिनभरका लागि स्थगित गरीएको हो। बिहानको

सत्रमा कंग्रेससहित विपक्षी सांसदहरूले प्रमुख व्यापारिक समूहमाथिका आरोप र अन्य मुद्दामा विरोध जनाएका थिए। अध्यक्ष श्री ओम बिर्लाले प्रश्नकाल सञ्चालन गर्न आग्रह गरे पनि हंगामा जारी रहेपछि बैठक सुरु भएको केही मिनेटमै 12 बजेसम्मका लागि स्थगित गरियो।

**सेमिकन्डक्टर क्षेत्रमा भारत-जापानको साझेदारीले विश्व परिदृश्यमा परिवर्तन ल्याउन सक्ने विदेश मन्त्री श्री जयशंकरको भनाइ**

विदेश मन्त्री श्री सुब्रमण्यम जयशंकरले भारत र जापानबीच सेमिकन्डक्टर सहयोगको बढ्दो महत्वको चर्चा गर्नुभएको छ। आज नयाँ दिल्लीमा आयोजित भारत-जापान फोरमको उद्घाटन सत्रमा उहाँले भारत र जापानले यस क्षेत्रमा ताइवानसँग मिलेर काम गरिरहेको बताउनुभएको छ। यस साझेदारीले विश्वव्यापी सेमिकन्डक्टर परिदृश्यलाई नयाँ स्वरूप दिन सक्ने सम्भावना रहेको उहाँले उल्लेख गर्नुभयो। श्री जयशंकरले आगामी दसकमा भुराजनीतिक समीकरणलाई सन्तुलनमा राख्न सेमिकन्डक्टरको ठूलो भूमिका हुने बताउनुभयो। विदेश मन्त्रीले भारतीयहरूमा विदेश पर्यटनप्रतिको चासो बढ्दै गए पनि जापान भ्रमण गर्ने भारतीय पर्यटकहरूको संख्यामा उल्लेखनीय वृद्धि नभएको बताउनुभयो। उहाँले दक्षिणपूर्व एशिया, सिंगापुर, मलेसिया, थाईल्यान्ड, खाडी क्षेत्र र युरोप जाने भारतीय पर्यटकहरूको सङ्ख्या तीव्र रूपमा बढिरहेको उल्लेख गर्नुभयो। यसका साथै उहाँले 2020 मा वास्तविक नियन्त्रण रेखामा चीनद्वारा सैन्य उपस्थिति बढाइनुका कारण शान्तिपूर्ण अवस्था खल्बलिएको बताउनुभयो।

**पूर्वोत्तर क्षेत्रको विकासप्रति सरकार प्रतिबद्ध रहेको गृह राज्यमन्त्रीको भनाइ**

गृह राज्य मन्त्री श्री नित्यानन्द रायले सरकार पूर्वोत्तर क्षेत्रको विकासप्रति प्रतिबद्ध रहेको बताउनुभयो। पूर्वोत्तर क्षेत्रको विकासबारे मिडियालाई जानकारी दिँदै उहाँले स्वास्थ्य, कनेक्टिभिटी, शिक्षा र रेल सुविधाहरूमा सुधार भएका कारण यस क्षेत्रका जनताको जीवनस्तरमा परिवर्तन आएको बताउनुभयो। मणिपुरको विकासबारे बोल्दै उहाँले राज्यले विकासको क्षेत्रमा राम्रो काम गरिरहेको उल्लेख गर्नुभयो। देशको पहिलो राष्ट्रिय खेल विद्यालय निर्माणका लागि लगभग 443 करोड रुपैयाँ खर्च गरिएको उहाँले बताउनुभयो।

**शम्भु सीमामा विरोध प्रदर्शन गरिरहेका किसानहरूको समूहमाथि अश्रुग्यास प्रहार; हरियाणा सरकारले लगायो भारतीय नागरिक रक्षा संहिताको धारा 163**

हरियाणा पुलिसले शम्भु सीमामा विरोध प्रदर्शन गरिरहेका किसानहरूको समूहमाथि अश्रुग्यास प्रहार गरेको छ। आन्दोलन गरिरहेका किसानले पुलिस ब्यारिकेड तोड्न खोज्दा पुलिसले अश्रुग्यास छोडेको हो। विरोध प्रदर्शनलाई ध्यानमा राख्दै, हरियाणा सरकारले भारतीय नागरिक रक्षा संहिताको धारा 163 अन्तर्गत निषे-धाज्ञा लगाएको छ। पञ्जाब र हरियाणाको सीमावर्ती अम्बेलाका 11 वटा गाउँमा इन्टरनेट सेवा पनि बन्द गरिएको छ ।

**आगरा-लखनऊ एक्सप्रेसवेमा सडक दुर्घटना; 8 जनाको मृत्यु सँगै 18 जना गम्भीर घाइते**

उत्तर प्रदेशको कन्नौज जिल्लामा आज आगरा-लखनऊ एक्सप्रेसवेमा भएको सडक दुर्घटनामा 8 जनाको मृत्यु सँगै 18 जना गम्भीर घाइते भएका छन्। लखनऊबाट दिल्ली जाँदै गरेको डबल डेकर बस अनियन्त्रित भएर एक्सप्रेसवेमा रोकिएको ट्रकसँग ठोक्किदा यो दुर्घटना भएको हो। घाइतेहरूलाई सैफई मेडिकल कलेजमा भर्ना गरिएको छ। राज्यका जल शक्ति मन्त्री श्री स्वतन्त्र देव सिंहले घाइतेहरूसँग भेट गरी उनीहरूको उचित उपचार सुनिश्चित गर्न निर्देशन दिनुभएको छ।

**मुख्य समाचार फेरी एक पल्ट**

- **प्रधानमन्त्रीद्वारा अष्टलक्ष्मी महोत्सवको उद्घाटन: पूर्वोत्तर भारतको सांस्कृतिक धरोहर र आर्थिक सम्भावनाहरूको प्रदर्शन**
- **विभिन्न मुद्दामा हंगामा भएपछि संसदको दुवै सदनको बैठक दिनभरिका लागि स्थगित**
- **पूर्वोत्तर क्षेत्रको विकासप्रति सरकार प्रतिबद्ध रहेको गृह राज्यमन्त्रीको भनाइ**
- **आगरा-लखनऊ एक्सप्रेसवेमा सडक दुर्घटना; 8 जनाको मृत्यु सँगै 18 जना गम्भीर घाइते**

***आकासवाणीबाट सुन्दै हुनुहुन्थयो समाचार पुरा भयो***